म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३५ बुधबार, १६ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 31 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ओभरलोड सवारीसाधन प्रहरी नियन्त्रणमा

हेटौंडा, १५ पुस/अबैधरुपमा नदीजन्यपदार्थ उत्खन्न एवम् ओसारपसार गर्ने तथा ओभरलोड ढुवानी गर्ने सवारी साधन कार बाहीमा परेका छन् । सोमबार यस्ता गतिविधिमा संलग्न १० वटा टिप्पर र ३ वटा ट्रयाक्टरलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सम्बन्धित स्थानीय तहमा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । नियन्त्रण लिएका सवारी साधनमा बा प्र ०३-००१ त ५०, ना ६ त ११६२ र लु ५ त ४० नम्बरका तीन वटा ट्रयाक्टर रहेको छ भने ना ७ ख ६३९२, बा प्र ०३-००१ ख १४६५, बा प्र ०३-००१ ख १४६४, प्र २-०३-००१ ख ३७८७, बा प्र ०३-००१ ख ३७०७, बा प्र ०३-००१ ख ३५७, बा प्र ०३-००१ क ०४७१, ना ८ ख ४३२४, बा प्र ०३-००१ ख १२०० र ना ७ ख २६६७ नम्बरका १० वटा टिप्पर रहेको छ ।

### हेटौंडा-६ रामनगरमा हर्षोल्लासपूर्वक मनाए तमु ल्होसार

# मौलिक सांस्कृतिक पहिचान झल्किने घाँटु र कौडा नृत्य प्रस्तुत



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/गुरुङ समुदायले पुरानो वर्षलाई बिदाइ गर्दै नयाँवर्षको स्वागतकारुपमा मंगलबार तमु ल्होसार पर्व हर्षोल्लासपूर्वक मनाएका छन् ।

तमु ल्होसारलाई गुरुङ समुदायले नयाँवर्षकारुपमा विशेष महत्वका साथ मनाउने परम्परा रहेको छ । पर्वको अवसरमा तमु ल्होसार मूलसमारोह समिति मकवानपुरको आयोजनामा हेटौंडामा विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । हेटौंडा उपमहानगर पालिका-६, रामनगरस्थित प्रस्तावित तमु सामुदायिक भवन निर्माणस्थलमा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुखआतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख लामाले भाषा, संस्कार र संस्कृतिको संरक्षणमा सबैको साझा दायित्व रहेको बताइन् । उनले तमु ल्होसारले आपसी एकता, सद्भाव र सामाजिक सहकार्यलाई थप मजबुत बनाउने उल्लेख गरिन् ।

सबै जातजाति तथा समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षणमा उपमहानगरपालिका सदैव प्रतिबद्ध रहेको नगरप्रमुख लामाको भनाइ थियो । कार्यक्रममा वडा नम्बर ६ का अध्यक्ष विष्णुबहादुर दाहाल, थारु कल्याणकारी परिषद्का केन्द्रीय सदस्य जानकी चौधरी लगायतले मन्तव्य राखेका थिए । जिल्ला कार्यसमिति अध्यक्ष केशरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न ल्होसार विशेष कार्यक्रममा पुरुष छेलो प्रतियोगिता आयोजना गरिएको थियो भने गुरुङ समुदायको मौलिक सांस्कृतिक पहिचान झल्किने घाटु र कौडा नृत्य प्रस्तुत गरिएको थियो । कार्यक्रम स्थलमा गुरुङ समुदायका मौलिक परिकारका स्टल राखिएका थिए ।

**संस्कृतिको संरक्षण गर्न प्रदेश सरकार तयारः मुख्यमन्त्री बानिया**

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेशभित्र बसोबास गर्ने जातजातिका संस्कृतिको संरक्षण गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।

मुख्यमन्त्री बानियाँले गुरुङ समुदायको महान् पर्व तमु ल्होसारको अवसरमा मंगलबार शुभकामना सन्देश जारी गर्दै उनले नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक विशेषताले भरिएको सुन्दर देश भएको भन्दै अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रा साझा पहिचान भएको बताए । यहाँका प्रत्येक जातजाति र समुदायका आआफ्नै सांस्कृतिक महत्व बोकेको मौलिक परम्परा रहेको शुभकामना सन्देशमा भनिएको छ । उनले बागमती प्रदेश सरकार धर्म, संस्कृति र परम्पराको सम्मान गर्दै सबै समुदायबीच एकता र सहअस्तित्व कायम राख्न प्रतिबद्ध रहेको बताए ।

उनले शुभकमना सन्देश मार्फत् प्रदेशभित्र बसोबास गर्ने जातजातिका संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्दै तिनको विकासका लागि आवश्यक सहयोग गर्न सदैव तयार रहेको विश्वास दिलाए । मुख्यमन्त्री बानियाँले साँस्कृतिकरुपमा धनी तमु (गुरुङ) समुदायले संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि आफ्नो सांस्कृतिक परम्परा, प्रथा एवम् चालचलनलाई व्यवस्थित गर्नका लागि गरिएका प्रयास अनुकरणीय रुपमा स्थापित हुँदै आएका भन्दै तमु ल्होसार २०८२ पर्वले सबै किसिमका असमानता अन्त्य गर्न प्रेरणा दिन विश्वास व्यक्त गरे ।

उनले यस पर्वले सामाजिक सद्भाव, सहिष्णुता र मेलमिलाप बढाई हाम्रो सामाजिक सद्भाव कायम राख्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र सुदृढ गर्न र समाजवादको लक्ष्य हासिल गर्न हामी सबै नेपाली एकताबद्ध भई अघि बढ्न प्रेरणा प्रदान गर्ने अपेक्षासहित तमु ल्होसारको शुभकामना व्यक्त गरे ।

**हाम्रा मौलिक चाडपर्व सम्पन्नताका परिचायकः प्रदेशप्रमुख देवकोटा**

बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले हाम्रा मौलिक चाडपर्वहरु सम्पन्नताका परिचायक भएको बताएका छन् । तमु ल्होसार पर्वको अवसरमा मंगलबार शुभकामना सन्देश जारी गर्दै उनले विविधताबीचको अभूतपूर्व एकता र मेलमिलाप हाम्रो गौरव भएको र रहनुपर्ने बताए ।

'सम्पन्नतालाई आर्थिक समृद्धिमा मात्र नहेरी मौलिक कला, संस्कृति र रहनसहनसँग जोडेर हेर्नुपर्दछ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक सम्पदाका धनी हामी नेपाली भौतिक समृद्धिको उच्चतम विन्दुमा पुगेका राष्ट्रका जनताभन्दा खुशी र समृद्ध छौँ' उनले शुभकामना सन्देशमा भनेका छन् । यो पर्व नेपालको मुख्यतया पहाडी क्षेत्रमा बसोबास गर्ने संस्कृतिका धनी गुरुङ समुदायद्धारा नयाँ वर्षको रुपमा मनाइने गरिन्छ । तमु ल्होसार तमु अर्थात गुरुङ समुदायको महान चाड हो ।

प्रदेशप्रमुख देवकोटाले शुभकामना सन्देशमार्फछ तमु ल्होसार पर्वले एकता, सहकार्य र विकासको मार्गमा डोऱ्याई स्थिरता, शान्ति र समृद्धि हासिल गर्ने हेतु अघि बढ्न सम्पूर्ण नेपालीलाई प्रेरित गर्ने विश्वास व्यक्त गरेका छन् । तमु ल्होसार पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुसमा यो पर्व मनाउने गरिएको हो । यसपछि क्रमश: तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ । तमु ल्होसारका अवसरमा सरकार ले सार्वजनिक बिदा दिएको थियो ।

# १८ वर्षको संघर्षपछि मकवानपुर गढी-४ को घरघरमै खानेपानी



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरगढी गाउँपालिका-४ का स्थानीय बासिन्दाले १८ वर्ष लामो संघर्षपछि पहिलोपटक घरघरमा धाराबाट खानेपानी पाउन थालेका छन् ।

सुरुमा ५ हजार लिटर क्षमताको सानो ट्यांकीबाट सुरु गरिएको योजना विस्तार हुँदै हाल ६३ हजार लिटर क्षमताको ट्यांकी निर्माण गरिएको छ । प्रदेश सरकारको करिब ५६ लाख रुपैयाँ बजेट र स्थानीयको श्रमदानबाट आयोजना सम्पन्न भएको हो । अब गाउँमा २४ सै घण्टा नियमित खानेपानी आपूर्ति हुने अपेक्षा गरिएको छ । नयाँ खोरिया खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले मंगलबार एक कार्यक्रमका बीच खानेपानी आयोजनाको औपचारिक उद्घाटन गरेको छ । समिति अध्यक्ष पूर्णबहादुर थ्लोनको अध्यक्षता तथा प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यतामा धारामा पानी प्रवाह गरेर आयोजना उद्घाटन गरिएको हो ।

कार्यक्रममा वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, वन उपभोक्ता समिति अध्यक्ष सर्कलाल लो, उपभोक्ता समिति सचिव सानुबहादुर तितुङ लगायतको उपस्थिति रहेको थियो । वडाअध्यक्ष तिमल्सिनाले पानीको अभावमा बितेका कठिन दिन सम्झँदै भने, '२०६१ सालमा दुई लाख रुपैयाँबाट योजना सुरु गरिएको थियो । सबै स्थानीयको सहकार्यले मात्र यो सम्भव भयो' उनले पानीको दिगोपनाका लागि मितव्ययी प्रयोग गर्न आग्रह गरे ।

प्रदेशसभा सदस्य श्रेष्ठले आगामी दिनमा थप बजेटको पहल गर्दै वडालाई अझ सुविधा सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गरिन् । 'पानी गाउँसम्म ल्याउन योगदान गर्न पाउँदा खुसी लागेको छ,' उनले भनिन् ।

खानेपानी योजना सफल बनाउन स्थानीय महिलाले बेल्चा चलाएर श्रमदान गरेका थिए । ट्यांकी निर्माणदेखि पाइप बिछ्याउनेसम्म महिलाको सक्रिय सहभागिताले योजनालाई गति दिएको स्थानीय बताउँछन् ।

# सोनाम ल्होछारमा वृहत् सांस्कृतिक कार्यक्रम आयोजना हुने



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/नेपाल तामाङ घेदुङ, मकवानपुरगढी गाउँपालिका कार्यसमितिको आयोजनामा २८६२ औं ता ल्हो (घोडा वर्ग) सोनाम ल्होछारको अवसरमा वृहत् सांस्कृतिक कार्यक्रम २०८२ आयोजना हुने भएको छ ।

मंगलबार समितिले पत्रकार सम्मेलनको आयोजना गर्दै आगामी माघ ३ गते कार्यक्रम हुने जानकारी गराएको हो । कार्यक्रम मकवानपुरगढी गाउँपालिका-१, रानीबासस्थित एग्रो टुरिजम पार्कमा आयोजना हुने समितिका अध्यक्ष सानोकान्छा थिङले जानकारी दिए । तामाङ समुदायको संस्कृति, कला, भेषभूषा र पहिचानको संरक्षण एवं प्रवर्द्धन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको अध्यक्ष थिङले बताए । तामाङ सेलोका चर्चित गायक प्रकाश तितुङ, सञ्जीव घिसिङ, बिक्रम लुङ्बालगायत अन्य कलाकारको गायन प्रस्तुति रहनेछ ।

विविध सांस्कृतिक नृत्य प्रस्तुति हुने कार्यक्रमका कलाकार संयोजक एवं समितिका उपाध्यक्ष बिक्रम योञ्जनले जानकारी दिए । कार्यक्रममा सांस्कृतिक झाँकी प्रदर्शन, ताम्बा डम्फुरेको प्रस्तुति तथा लामाद्वारा विधिपूर्वक पूजा गरिने उपाध्यक्ष योञ्जनले बताए । कार्यक्रम सञ्चालनका लागि मकवानपुरगढी गाउँपालिकाले ५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको र वडा नम्बर १ कार्यालयले विशेष सहयोग गरेको आर्थिक संयोजक राज स्याङ्तानले जानकारी दिए ।

आयोजकका अनुसार कार्यक्रम सञ्चालन गर्न करिब ७ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । कार्यक्रममा गाउँपालिकाको कृषि शाखाले रैथाने बाली, कोदो, फापर, गहुँ लगायत परिकारको स्टल राखी प्रदर्शन गरिने छ । पत्रकार सम्मेलनमा गढीका वडा नम्बर १ का वडाअध्यक्ष आइतसिंह लो, समितिका सल्लाहकार आकाश गोले, राजकुमार गोले लगायतको उपस्थिति रहेको थियो ।




# दलित समुदायले संघर्ष गर्नुपर्ने बेला आएको छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले दलित समुदायको संवैधानिक अधिकारको रक्षा गर्दै थप अधिकारको निम्ति संघर्ष गर्नुपर्ने समय आएको बताएका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ नेपाल, बागमती प्रदेशको प्रथम अधिवेशन तथा 'परिवर्तित राजनीतिक परिस्थितिमा दलित आन्दोलनको वर्तमान अवस्था, चुनौती र भावी दिशा' विषयक विमर्शमा मुख्यमन्त्री बानियाँले संविधानमा भएका अधिकारका निम्ति दलित समुदायले एकीकृतरुपमा संघर्ष गर्नुपर्ने आवश्यकता औंल्याए । दलित समुदायलाई आर्थिक रुपमा सम्पन्न बनाउन बागमती प्रदेशले दलित समुदायको आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिँदै उनले आगामी दिनमा पनि यो समुदायको अधिकार प्राप्तिका लागि प्रदेश सरकार गम्भीर रहेको स्पष्ट पारे ।

दलितमुक्ति मोर्चाका अध्यक्ष तथा पूर्वमन्त्री दलजीत श्रीपाइलीले पछिल्लो राजनीतिक परिघटनाका कारण संविधान नै संकटमा पर्ने खतरा बढ्दै गएको बताउँदै संविधान रक्षाको निम्ति पनि सीमान्तकृत समुदायबीचको एकतालाई थप बलियो बनाउनुपर्नेमा जोड दिए । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य तथा पूर्वराज्यमन्त्री जीतु गौतमले राज्यका सबै संरचनामा दलित सहभागितालाई अनिवार्य बनाउन कानुन बनाएरै लागू गर्नुपर्ने धारणा राखे । जागरण मिडिया सेन्टरका अध्यक्ष तथा सभासद् कमला विश्वर्माले दलितको सवालमा केही अधिकार संविधानामा व्यवस्था भएपनि कार्यान्वयन हुन नसकेको गुनासो गरे ।

# कैलाशका मुक्तानले दिलाए नेपाललाई ३ पदक



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ भारतको वेस्टबंगालस्थित कालिम्पोङमा डिसेम्बर २१ र २२ मा सम्पन्न तेस्रो कालिम्पोङ अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा कैलाश गाउँपालिका-६ का अम्बर मुक्तानले नेपालको प्रतिनिधित्व गर्दै उत्कृष्ट प्रदर्शन गरेका छन् ।

उनले सिनियर पुम्से विधामा दोस्रो, सिनियर पुम्से पेयर विधामा दोस्रो र सिनियर स्पिड किक विधामा तेस्रो स्थान हासिल गर्दै नेपालका लागि ३ पदक जित्न सफल भएका थिए । मुक्तानको स्थायी घर कैलाश गाउँपालिका वडा नम्बर ६ पकनी भएपनि हाल उनी काठमाडौंमा बसोबास गर्दै आफ्नो खेलक्षेत्रलाई निरन्तर अगाडि बढाउँदै आएका छन् । उनले यसअघि पनि भारतका विभिन्न सहरमा आयोजित प्रतियोगितामा सहभागी भई नेपालको लागि पदक जितिसकेका छन् ।

मुक्तान हाल नागार्जुन नगरपालिका-७ रामकोटस्थित थ्री ब्रदर तेक्वान्दो डोजाङका डोजाङ प्रमुख हुन् । उनी राष्ट्रिय रेफ्री तथा प्रशिक्षक रहेका छन् ।

साझाकुरा

## हाम्रो कुरा

# बसाईसराईले गाउँ रित्तिँदै

खेतीयोग्य जमिन धमाधम प्लटिङ गर्ने र कंक्रिटको जंगल ठड्याउने प्रतिष्पर्धाले ग्रामीण बस्ती रित्तिँदै गएको छ । गाउँको बिगौं बिगाहा पाखोबारी बाँझै राखेर सहरमा १० धुरमा निर्वाह गर्ने क्रम बढेको छ । पछिल्ला वर्षमा गाउँमा विकास थपिँदै गएको छ तर, विकास उपभोग गर्ने उपभोक्ता घट्दै गएको अवस्था छ । राष्ट्रिय जनसंख्या नीति २०७८ अनुसार बागमती प्रदेशमा बसाईसरी आउने ५३ दशमलब ७ र बसाई सरी जाने १० दशमलब ७ प्रतिशत रहेको छ । देशभर मातृमृत्यु अनुपात प्रति १ लाख जीवित जन्ममा १५१ रहेकोमा बागमती प्रदेशमा ९८ रहेको छ भने कोशीमा १५७, मधेशमा १४०, गण्डकीमा १६१, लुम्बिनीमा २०७, कर्णालीमा १ सय ७२ र सुदुरपश्चिममा १ सय ३० रहेको छ । हिमालीक्षेत्र समेत ३४ जिल्ला र ३ सय १९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ । जनसंख्या वृद्धिदर ० दशमलब ९२ प्रतिशत रहेको छ । २०६८ मा १ दशमलब ३५ प्रतिशत रहेको थियो । प्रजननदर प्रतिष्थापन तह भन्दा तल रहेको छ । प्रजननदर प्रतिष्थापन तह भन्दा २ दशमलब १ हुनुपर्नेमा १ दशमलब ९३ रहेको छ । ज्येष्ठनागरिकको जनसंख्या १० दशमलब २१ प्रतिशत रहेको छ भने १५-५९ वर्ष उमेर समूहको जनसंख्या ६१ दशमलब ९ प्रतिशत रहेको छ ।

जन्मका क्रममा लैङ्गिक अनुपात प्रत्येक सय बालिकाको जन्ममा ११४ बालकको जन्म रहेको छ । नयाँ नीतिमा सीपयुक्त र उत्पादनशील जनशक्तिको विकास, स्वस्थ र क्रियाशील जनशक्ति निर्माण, बसाइसराइको व्यवस्थापन र प्रजनन स्वास्थ्य अधिकारको संरक्षणजस्ता विषयमा केन्द्रित रणनीति अघि सारेको छ । शिक्षा प्रणालीलाई रोजगारमूलक बनाउने, युवालक्षित स्टार्टअप र व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने, ज्येष्ठनागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्ने, वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने, आन्तरिक बसाइसराइलाई व्यवस्थित गर्न एकीकृत बस्ती विकास गर्ने र जलवायु परिवर्तनका कारण हुने बसाइसराइलाई न्यूनीकरण गर्ने, सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने, प्रजनन स्वास्थ्यअधिकारको संरक्षण गर्ने र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्ने, व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र र अन्य तथ्यांक प्रणालीलाई एकीकृत र स्वचालित बनाई नीति निर्माणमा प्रयोग गर्ने उल्लेख गरिएको छ । जनसंख्याको विषयप्रति तीनवटै तहका सरकारको जिम्मेवारी र जवाफदेहित सुनिश्चित्त गर्न नयाँ नीतिगत व्यवस्था गर्नुपर्ने विषयमा नीतिमा समेटिएको छ । नेपालले सन् २०२६ मा अल्पविकसित मुलुकबाट मध्यम आययुक्त मुलुकको रुपमा स्तरोन्नति गर्ने लिएको लक्ष्यबाट सिर्जना हुने अवसर र चुनौतीको सम्बोधन गर्न पनि नयाँ नीति निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले प्रदेश जनसंख्या नीति सार्वजनिक गर्ने बताएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा सोमबार हेटौंडामा भएको राष्ट्रिय जनसंख्या नीति २०८२ को सार्वजनिकीकरण एवम् अभिमुखीकरण कार्यक्रममा मन्त्री थापाले केही समयभित्रै प्रदेशको पनि जनसंख्या नीति सार्वजनिक गर्ने जानकारी दिए । नीतिको ड्राफ्ट कानुन मन्त्रालयमा पुगिसकेको र संघीय सरकारको नीतिसँग नबाझिने गरी प्रदेशको नीति आउने बताउँदै मन्त्री थापाले विकासमा भएको असन्तुलनले बसाईसराईको दर तीव्रगतिले बढेको उल्लेख गरे । शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा भएको असन्तुलित विकासले प्रदेशको कतिपय जिल्ला रित्तिँदै गएको र कतिपय जिल्लाको जनघनत्व बढ्दै गएको छ । मन्त्री थापाले बसाईसराईको तीव्रबृद्धिदरलाई रोक्न तीनवटै तहको सरकारले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । संघीयता लागु भएको ८ वर्षको अवधिमा सरकारले शिक्षा, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेपनि युवाको पलायनलाई रोक्न सकेको छैन । जनसंख्याको सन्तुलन नमिल्दा सामाजिक संरचनामा पनि असर परेको छ । नेपालको जनसंख्याको वर्तमान अवस्था सन्तोषजनक छैन । प्रजननदर प्रतिष्थापन तह भन्दा तल हुनु चिन्ताको विषय हो । जनसंख्याको विषयमा गम्भीर भएर बहस गर्नुपर्नेमा जोड दिँदै तेस्रो सन्तान जन्मलाई प्रोत्साहन नीति उपमहानगरले ल्याउँदा धेरै हाँसोको विषय बनाइएको नगरप्रमुख मीना लामाले बताइन् । नगरप्रमुख लामाले कार्यविधि बनाएर यो नीतिलाई कार्यान्वयनको चरणमा लैजाने बताइन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १७ गते बिहीबार १ जनवरी २०२६ । त्रयोदशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५६ सूर्यास्त ५:१८ । राष्ट्रिय टोपी दिवस । सन् २०२६ प्रारम्भ । राष्ट्रिय पोशाक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# भर्चुअल लोकप्रियताले हामीलाई लोकतन्त्रतर्फ डोऱ्याउँदै छ वा भिडतन्त्रतर्फ ?



✍सञ्जीव पौडेल

आज नेपाली समाज एउटा यस्तो जटिल दोबाटोमा उभिएको छ, जहाँ सत्य र भ्रमबिचको रेखा निकै धमिलो बन्दै गएको छ । राजनीतिक अस्थिरता, आर्थिक मन्दी र सामाजिक निराशाबिच राजनीति र सामाजिक सञ्जालका नाममा फैलाइने 'भ्रमको खेती' एउटा नयाँ उद्योगका रूपमा फस्टाएको छ । प्रत्येक घरमा राजनीतिको चर्चा त छ, तर त्यो नीति, सिद्धान्त वा देश विकासको योजनामा केन्द्रित नभई केवल फेसबुकका टिप्पणी र टिकटकका 'भाइरल' भिडियोमा सीमित हुन पुगेको छ । के देश केवल 'लाइक' र 'शेयर' का भरमा चल्न सक्छ ? यो आजको सबभन्दा पेचिलो प्रश्न हो ।

**डिजिटल तथ्याङ्क र उत्पादकत्वको सङ्कट**

नेपालमा सामाजिक सञ्जालको प्रयोग डरलाग्दो र अनुत्पादक बन्दै गएको छ । 'नेपोलियन क्याट' का अनुसार नेपालमा करिब १.६४ करोड फेसबुक खाताहरू छन् । इजरायलको साइबर खुफिया कम्पनी 'साइब्रा' को रिपोर्टले तीमध्ये करिब ३४ प्रतिशत नक्कली (फेक) खाता रहेको दाबी गरेको छ । नेपालमा १४ वर्षमुनिका करिब ८१ लाख बालबालिका छन्, जसले सम्भवत: फेसबुक प्रयोग गर्दैनन् । यसको अर्थ, बाँकी अधिकांश युवादेखि वृद्धवृद्धासम्म बिहानदेखि रातिसम्म कसैलाई 'देवत्वकरण' त कसैलाई 'दानवीकरण' गर्नमै व्यस्त देखिन्छन् । नेपालमा युवा बेरोजगारीको दर करिब २३ प्रतिशत रहेको छ ।

तर, विडम्बना ! यिनै युवाहरूले सामाजिक सञ्जालमा स्ट्याटस लेख्न, टिप्पणी गर्न, आलोचना गर्न र गालीगलौज गर्नमै 'पूर्णकालीन रोजगारी' पाएझैँ देखिन्छ । यसबाट प्रस्ट हुन्छ कि हाम्रो डिजिटल सक्रियताको ठुलो हिस्सा उत्पादक काममा होइन, बरु नकारात्मक र भ्रमपूर्ण गतिविधिमा खर्च भइरहेको छ ।

**एआईको जोखिम र निर्वाचनमा संशय**

आगामी निर्वाचन फागुन २१ गते हुने भनी समय तोकिएको छ तर निर्वाचनका मुख्य स्टेकहोल्डर राजनीतिक दलहरू र सरकार बिचको दुरी नजिक हुन सकेको देखिएको छैन । निजामती कर्मचारी र प्रहरीको मनोबल उठ्न सकेको छैन । नयाँ भनिएका र पुराना भनिएका दलहरूबिचको स्वस्थ प्रतिस्पर्धा भन्दा पनि एक आपसमा शत्रुतापूर्ण अभिव्यक्तिहरू सामाजिक सञ्जालमै सुनिएका छन् ।

यस्तो अवस्थामा निर्वाचनको पूर्वसन्ध्यामा सामाजिक सञ्जालमा 'सक्कली' र 'नक्कली' छुट्ट्याउनै नसकिने सामग्रीको बाढी आउन थालेको छ । विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी बनाइएका 'डीपफेक' भिडियो र अडियोले मतदातामा गम्भीर भ्रम सिर्जना गरिरहेका छन् । भ्रामक सूचना, जसमा 'मिसइनफरमेसन', 'डिसइनफरमेसन' र 'मालइन्फरमेसन' को डढेलोले मतदाताको विवेकलाई मात्र बन्धक बनाएको छैन, बरु यसले निर्वाचनकै निष्पक्षता र समग्र लोकतन्त्रलाई समेत दुर्घटनामा पुऱ्याउने खतरा बढेको छ । तर, यसलाई समयमै नियमन गर्ने, गलत गर्नेलाई कार्यवाही गर्नेतर्फ सरकारले चासो देखाएको देखिँदैन ।

**विधिभन्दा माथि भिड**

लोकतन्त्र भनेको विधि, प्रक्रिया र कानुनको शासन हो । तर, नेपालमा बिस्तारै लोकतन्त्रलाई भिडतन्त्रले विस्थापित गर्दैछ । कुनै पनि घटनाको फैसला अदालत वा संवैधानिक निकायले भन्दा पहिले सामाजिक सञ्जालका प्रयोगकर्ताले सुनाइदिन्छन् । कानुन र प्रमाणभन्दा पनि कसले कति चर्को स्वरमा गाली गर्न सक्छ र कसको पछाडि कति ठुलो 'डिजिटल भिड' छ भन्ने कुराले राज्यका संयन्त्रलाई समेत प्रभावित पारिरहेको छ । यो प्रवृत्तिले कानुनी राज्यको उपहास मात्र गरेको छैन, बरु न्यायका मूल्य-मान्यतालाई नै धराशायी बनाउँदै लगेको छ ।

**स्वतन्त्रको मुकुण्डो र राजनीतिक अवसरवाद**

पछिल्लो स्थानीय निर्वाचनताका देशमा एउटा फरक लहर देखियो । 'स्वतन्त्र' अभियान । परम्परागत राजनीतिक दलहरूको कार्यशैलीबाट आजित भएका जनताका लागि यो एउटा ठुलो आशाको किरण थियो । तर, समयक्रमसँगै त्यो आशा निराशामा बदलिँदै गएको छ । हिजो 'स्वतन्त्र' भनिएकाहरू आज एक सय ४० भन्दा बढी स-साना दल र गुटमा विभाजित हुनुले उनीहरूको उद्देश्य देश निर्माण भन्दा पनि व्यक्तिगत महत्त्वाकाङ्क्षा थियो कि भन्ने प्रश्न उब्जाएको छ । अहिलेको नयाँ भनिएको राजनीतिको ठुलो हिस्सा ठोस एजेन्डामा भन्दा पनि 'भाइरल' हुने होडबाजीमा केन्द्रित देखिन्छ ।

उनीहरूसँग न कुनै स्पष्ट आर्थिक कार्यदिशा छ, न त देशको समृद्धिको ठोस खाका । उनीहरूको राजनीतिको मुख्य जग नै पुराना नेता र पार्टीलाई गाली गरेर जनताको आक्रोशलाई 'क्यास' गर्ने । र, अर्को नीतिगत बहस गर्नुको साटो सामाजिक सञ्जालमा उत्तेजक भिडियो बनाएर जनतालाई भ्रमित पार्ने । जब राजनीति 'नीति' बाट च्युत भएर 'कन्टेन्ट क्रिएसन' मा मात्र सीमित हुन्छ, तब त्यसले देशलाई निकास दिँदैन, बरु थप अन्योल र विभाजन मात्र पैदा गर्छ ।

**संकटमा पत्रकारिताको साख**

राजनीतिसँगै समाजको ऐना मानिने पत्रकारिता क्षेत्र पनि उत्तिकै प्रदूषित बनेको छ । जनतालाई निष्पक्ष सूचना दिनु पर्ने पत्रकारहरू नै आज दलीय 'भजन मण्डली' मा परिणत भएका छन् । पत्रकारितालाई साइड जब र अवसरवादका रूपमा लिएको पाइन्छ । पत्रकारितालाई मुख्य धर्म मान्नुको साटो यसलाई शक्तिकेन्द्रमा पुग्ने भऱ्याङ बनाइएको छ । वर्षौंसम्म एउटा दलको पक्षमा कलम चलाउने र समय अनुकूल देखेपछि त्यही दलबाट निर्वाचनको टिकट माग्न जाने प्रवृत्तिले पत्रकारिताको स्वतन्त्र अस्तित्वमाथि नै प्रश्न उठाएको छ । पत्रकारिता गर्ने व्यक्ति कुनै न कुनै राजनीतिक दलको 'अदृश्य कार्यकर्ता' जस्तो देखिनुले आम जनतामा सूचनाको विश्वसनीयता समाप्त हुँदै गएको छ ।

लोकतन्त्रको मजबुतीका लागि राजनीतिमा नयाँ सोच र पत्रकारितामा निष्पक्षता अनिवार्य सर्त हो । तर, विकल्पका रूपमा आएका शक्तिहरू गालीगलौजमा मात्र सीमित हुनु र सूचनाका संवाहकहरू दलीय स्वार्थमा अन्धो हुनुले देशलाई सही दिशा दिँदैन । अब जनताले 'नयाँ' भन्दैमा र 'स्वतन्त्र' भन्दैमा भाइरल हुनेहरूलाई मात्र पत्याउने भन्दा पनि उनीहरूको नीति, निष्ठा र भिजनलाई कसीमा राखेर हेर्नु जरुरी छ ।

**आर्थिक सङ्कट र लोकप्रियतावादको बाटो**

नेपाल राष्ट्र बैंक र सरकारी तथ्याङ्कहरूले देशको अर्थतन्त्र अत्यन्तै संवेदनशील अवस्थामा रहेको देखाउँछन् । वर्तमानमा केही समूहले निहित स्वार्थका लागि 'बैंक तथा सहकारीको ऋण मिनाहा हुन्छ' भन्ने आत्मघाती भ्रम फैलाइरहेका छन् । आर्थिक वर्ष २०८१/८२ को प्रक्षेपण अनुसार: कुल खर्च रु. १५२३.११ अर्ब कुल राजस्व सङ्कलन रु. ११७८.८८ अर्ब कुल सार्वजनिक ऋण रु. २६६९.६५ अर्ब पुगेको छ । जब देशको आन्तरिक राजस्वले साधारण खर्च समेत धान्न मुस्किल परिरहेको छ र वैदेशिक तथा आन्तरिक ऋणको भार बढ्दो छ ।

यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोग गरी ऋण मिनाहाको कुरा गर्नु अव्यवहारिक मात्र होइन, आर्थिक रूपमा आत्मघाती कदम पनि हो । आर्थिक अज्ञानताको पराकाष्ठा हो । बैंकको पैसा सर्वसाधारण निक्षेपकर्ताहरूको पसिनाको कमाइ हो । ऋण लिएपछि तिर्नु पर्दैन भन्ने संस्कृतिले अन्तत: बैंकिङ प्रणाली र देशको अर्थतन्त्रको मेरुदण्ड नै भाँच्नेछ । त्यस्तै, सामाजिक सञ्जालमार्फत उद्योगी र व्यापारीलाई 'चोर' र 'नाफाखोर' को बिल्ला भिराएर हतोत्साहित गर्ने काम भइरहेको छ । हालैको 'जेनजी विद्रोह' का क्रममा ७७ जनाले ज्यान गुमाउनुका राज्यको खर्ब भन्दा बढी नोक्सानी भयो । साथै निजी क्षेत्र निशाना बन्यो । उनीहरूले अर्बौं रुपैयाँ बराबरको भौतिक नोक्सानी व्यहोर्नुपरेको छ ।

यसले गर्दा झण्डै तीन हजारले प्रत्यक्ष रोजगारी गुमाएका छन्, जसले राज्यलाई कर तिर्छ र रोजगारी दिन्छ, उसैलाई अपराधी करार गरिएपछि देश समृद्धिको बाटोमा जान सक्दैन । अहिले देशमा अराजकताको भुमरीमा फसेको छ । लगानीकर्ताहरू असुरक्षित महसुस गरी रहेका छन् । रोजगारी सिर्जना गर्ने लगानीकर्ता कसरी आउँछन् ? कसरी रोजगारीको बाटो खुल्छ ? यो अनुत्तरित प्रश्न छ ।

**अब कहिले सोच्ने ?**

भर्चुअल लोकप्रियता र वास्तविकताको खाडल आजको मुख्य चुनौती हो । नेताहरू जनताका आधारभूत आवश्यकता भन्दा पनि सामाजिक सञ्जालमा 'भाइरल' हुने एजेन्डामा केन्द्रित देखिन्छन् । स्वदेशबाट मात्र होइन विदेशबाट समेत नेपाललाई असफल राष्ट्र बनाउने गरी सामाजिक सञ्जालमार्फत गलत सूचना प्रवाह भई रहेको कुरा सार्वजनिक भई रहेका छन् । सरकारले सामाजिक सञ्जालमा भई रहेका अनियन्त्रित 'मिसइनफरमेसन', 'डिसइनफमेसन' र माल 'इन्फरमेसन' लाई समयमै पहिचान गरी नियमन नगर्ने हो भने निर्वाचनको वातावरण समेत बिथोलिन सक्छ ।

भाषणमा सुनिएको 'सुशासन' व्यवहारमा भ्रष्टाचार र ढिलासुस्तीको ओत लागेको छ । 'चर्का भाषणले भोको पेट भरिँदैन' नेपाली समाजले अब 'भीडको पछि लाग्ने' भन्दा पनि 'विवेकको प्रयोग गर्ने' बेला आएको छ । सामाजिक सञ्जालमा 'लाईक', 'भ्युज' बढाउनकै लागि अरूलाई चर्को स्वरमा गाली गरेर होइन । हामीले नेताहरूसँग क्षणिक भावनामा बहकिएर होइन, ठोस आर्थिक कार्यदिशा र देश निर्माणको खाका माग्नुपर्छ । यदि हामी आजैदेखि सत्य र तथ्यको धरातलमा उभिएर प्रश्न गर्दैनौं भने आगामी दशकौंसम्म पनि यही आभासी भ्रमकै चक्रव्यूहमा फसिरहने निश्चित छ ।

*(साभार: रातोपाटी)*

# बिरायौ नागरिक शिक्षाको अभावमा

✍रमेशप्रसाद गौतम

नेपालमा क्रान्ति, आन्दोलन र विद्रोह पटक-पटक भए तर सर्वसाधारण नागरिकले चाहेको परिवर्तन देख्न पाएनन् । २००७ सालको क्रान्तिपछि सुदिनको प्रतीक्षा गर्दागर्दै उनीहरुले २०१७ सालको कुदिन देख्न पाए । त्यसपछि लामो संघर्षका दिनपछि २०४६ सालको परिवर्तनबाट सुदिनको आशा पलायो तर यसले पनि जनता सन्तुष्टि हुन सकेनन् । लगत्तै २०६३ सालको जनआन्दोलन भयो । २५० वर्षको राजतन्त्र समाप्त भयो । राजाको अधिकार जनतामा हात लागेपछि आउने सुदिनको प्रतीक्षामा नयाँ संविधान बन्यो । २००७ सालदेखिको संविधानसभामार्फतको निर्माण हुने संविधानको चाहना पनि पूरा भयो । संघीयताको ढाँचामा संविधान आयो, अब विकास होला, जनचाहना पूरा हुनेभो भन्ने आत्मविश्वास वढ्यो तर असन्तुष्टि र विद्रोह झनै देखा पर्न थाल्यो । जेनजी विद्रोहले २४ घण्टाभित्रै सत्ता पल्टायो । सत्तामा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको बहस बढाएको छ ।

पूर्ववत् परिवर्तनजस्तै यो जेनजीको चाहना पूरा हुँदै मात्र देश विकास हुने होइन, जबसम्म नेतृत्ववर्गको बानी-व्यवहारमा परिवर्तन आउँदैन तबसम्म केही राम्रा कुरा जनताले पाउने छैनन् ।राजनीतिक खेलाडीले राजनीतिक खेलमा अनेक-अनेक नारा र परिवर्तनका पोकाहरु बाँड्न छाड्दैनन् । जनता जनार्दन नै हुन्, सोझा-सीधा छन् । नयाँ कुरा आउनासाथ केही राम्रो गरि हाल्छन् कि भन्ने भ्रममा पर्छन् । अनि त्यस्तै नेतृत्वलाई भोट दिएर निर्वाचित गराउँदै आएका पनि हुन् । यसबाट जनताले सिक्नुपर्ने पाठ भनेकै व्यवस्था परिवर्तनको चक्करमा लाग्नुभन्दा राजनीतिक नेतृत्व र विचारको प्रश्नमा निर्भर हुने कुरालाई ख्याल राख्नुपर्छ । व्यवस्था त साधन मात्र हो, साध्य नेतृत्व र नेता नै हुन् । नेतृत्वकर्ता विवेकी भए कार्यकर्तामा पनि त्यही अनुरुपको आचरण निर्माण हुन सक्छ । यदि नेतृत्व स्वार्थी, सत्ता र पैसाको लालची भए भने कार्यकर्ता पनि स्वार्थी, पिछलग्गु र भेडा बन्ने हुन्छन् । २००७ सालदेखि अहिलेसम्म कतिपटक व्यवस्था फेरियो तर कमजोर विचार र अदूरदर्शी सोचले गर्दा मुलुकले सही बाटो पाउन सकेको छैन ।

अहिलेको राजनीतिक नेतृत्वको शैली र नीति आम नागरिकलाई चित्त बुझ्दो नभएर नै विद्रोह भई नै रहेको छ । यी नेताहरुले आफूलाई नागरिकीकरण कहिल्यै गरेनन् । उनीहरुले आफूलाई राजसी ठाँटबाँटमा राख्ने र सामान्य नागरिकभन्दा आफू धेरै माथि देख्न थाले । उनीहरु बस्ने, कोठा, फर्निचर, बेडरुम, बैठक 'हाइली सोफेस्टिकेटेड' चाहने हुन थाल्यो । आम नागरिकको पीरमर्का बुझ्न चाहेनन् । कमिसन र घुसमा देशलाई डुबाउन थाले । यिनैको प्रभावमा कर्मचारीतन्त्रमा पनि व्याप्त भ्रष्टाचार बढ्न थाल्यो ।

ठूला नेता जिल्ला जाँदा विद्यालय बन्द गराएर तिनलाई स्वागत गर्न विद्यार्थी लामबद्ध हुनुपर्ने, झन्डै १५ किलोभन्दा ठूलो मालाले स्वागत खोज्ने अनि टिभीमा देखिएर आफूलाई सबैले सम्मान गरेको भनी गर्व गर्ने । यस्ता थुप्रै घटनाका समाचार सुन्न पाई नै रहेका छौं । राजनीतिक नेतृत्वमा 'इनलाइटमेन्ट'को अभाव नै हो । नागरिक समाजको आधार चेतना र विवेक हो । यसैमा बिर्को लागेको छ भने त्यो बिर्को खोल्ने उपाय विचारमा सुधार र जीवन-जगत्को बारेमा विश्लेषणको व्यावहारिक खाँचो हो । राम्रो विचारले नै समाज परिचालन गर्न सक्छ । दलहरु र नागरिक समाज जनताको स्वतन्त्र इच्छा अभिव्यक्त गर्ने ठाउँ हुन् । नेतृत्वदायी भूमिका निर्वाह गर्ने दलका नेताले नागरिक समाजको दैनिक जीवनमा उपस्थिति दर्शाई समाज परिवर्तनको वाहक बन्न सक्नुपर्छ । नेपालको विद्यमान राजनीतिक चलखेलले नागरिक समाजको पहुँचलाई न्यून पारिरहेको छ । हिंसा र द्वन्द्वका कैयौं घटनामा राज्यले दण्ड-सजायसम्बन्धी अधिकारसमेतको उचित प्रबन्ध गर्न नसकेका उदाहरण छन् । यसरी राज्य निस्तेज हुँदै जाने हो भने भोलि हामीले पनि युक्रेन, अफगानिस्तान, विगतको युगाण्डा, हालैको बंगलादेश, श्रीलंका आदिको अवस्था भोग्नुपर्ने खतरालाई बिर्सनुहुँदैन ।

आजको बदलिँदो राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशमा नेपाल राष्ट्रको विकास र निर्माणमा थप छलफल एवं बहसको खाँचो त छँदै छ, यसमा साँच्चै नागरिक चेतना र जागरण बढाउन नागरिक शिक्षाको माध्यमले नै सम्भव छ । नेतृत्व वर्गको प्रवृत्ति-विचारमा सुधार ल्याउन र लोकतान्त्रिक संस्था एवं मान्यतालाई सुदृढीकरणका लागि पनि नागरिक शिक्षाको स्रोत जरुरी छ । लोकतान्त्रिक पद्धतिबाट नै सामाजिक एकीकरण, राजनीतिक परिस्थिति र संस्थागत विकास हुने हो । राज्यका सबै पक्ष कानुनी शासनप्रति सामूहिक रुपले जवाफदेही हुनु जरुरी छ । नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलन र नागरिक हकहितका लागि २००७ सालदेखि नै अग्रगामी भूमिका निर्वाह गर्दै आएको पार्टी हो । तथापि अहिले आएर आफ्नो आन्तरिक दलको महाधिवेशनमा ठूलो लफडा उब्जिरहेको छ ।

सामाजिक एकीकरण र राजनीतिक स्थितिका लागि आफूलाई कटिबद्ध रहेको मान्दै आएको पार्टीमा आजको अस्थिरताको स्थिति उत्पन्न हुनु दुःखद पक्ष हो । महामन्त्री गगन थापाले प्रस्तुत गरेको १५ औं महाधिवेशनको कार्यतालिकालाई अस्वीकार गरेर अगाडि बढ्न कांग्रेस संस्थापन पक्षका केही पूर्वपदाधिकारीहरु लागिपरेको चर्चामा आएको छ । महामन्त्री गगन थापा राजनीतिक करिअरको सर्वाधिक दबाबमा परेको बुझिन्छ । तथापि थापा आफ्नो प्रस्तावको निर्णायक मोडमा छन् । नेपाली कांग्रेसका केही नेता चुनावअघि नियमित वा विशेष कुनै पनि प्रकारको महाधिवेशन गर्न नहुने र फागुन २१ पछिको चुनाव सकिएपछि मात्र महाधिवेशन गर्नुपर्ने अडान राख्दै आएका छन् । यता महामन्त्री थापा भने ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेकाले २०८२ फागुन २१ गतेको चुनावअघि नै पुसभित्र विशेष महाधिवेशन गर्नुपर्ने अडानमा छन् । थापाले ल्याएका प्रस्तावमा पार्टीपंक्तिमा बलियो अडान देखिन्छ ।

तथापि निर्णय प्रक्रियामा हस्तक्षेप नगरेको भने देखा पर्दछ । उनी सकभर सबैलाई समेटेरै पार्टी बलियो बनाउने र अधिवेशन समयमै गराउने पक्षमा छन् । जेनजी आन्दोलनले माग राखेका कुराप्रति पनि गगन, विश्वप्रकाश, प्रदीप पौडेललगायतका नेपाली कांग्रेसका नयाँ पुस्ताहरु जायज ठान्दछन् । आन्दोलनका नाममा भएका हत्या र विध्वंसको क्षतिप्रति सबैको एउटै आवाज छ- अपराधी र गल्ती गर्नेले सजाय पाउनै पर्छ । अहिले नेपाली कांग्रेसको मियोका रुपमा गगन थापालाई मान्न थालेका छन् । उनले आफ्नो छोटो स्वास्थ्यमन्त्रीको कार्यकालमा गरेका काम र नेपाली कांग्रेसका हरेक गतिविधिमा खेलेका सकारात्मक भूमिकालाई नकार्न मिल्दैन । उनी पहिलेदेखि नै सम्भावना बोकेका नेताका रुपमा देखिँदै आएका पनि हुन् । बुद्धिमा अब्बल थापाले आफ्नो दलमा जति कुरा उठाए, ती कार्यान्वयन भने हुन सकेनन् । यसमा उनको भन्दा समग्र पार्टीकै कमजोरी देखिन्छ । उनी कसैको निगाहबाट आएका होइनन्, उनी आफ्नै बुद्धि-विवेक र आन्दोलनबाट स्थापित नेता हुन् ।

अहिले थापालाई अनेक दबाब त होलान् तर तिनलाई फेस गर्दै आफ्नो आत्मविश्वास बढाएर उनी अघि बढेका देखिन्छन् । आगामी फागुन २१ को चुनावपूर्व महाधिवेशन गराई पार्टीको नयाँ नेतृत्वबाट चुनावमा होमिनु नै नेपाली कांग्रेसका लागि उपयुक्त देखिन्छ । पार्टीभित्रका केही निहित स्वार्थका लागि महाधिवेशन पन्छाउन खोज्नु सान्दर्भिक देखिँदैन । यस दिशातर्फ वर्तमान केन्द्रीय कार्य समितिले पक्कै सोचविचार पुऱ्याउने नै छ । नियमित अथवा विशेष जुनसुकै तरिकाले महाधिवेशन गरे पनि जेनजी पुस्ताका लागि समेत स्वीकार्य विषय बन्ने नै छ । गगन, विश्वप्रकाश, प्रदीपजस्ता नयाँ पुस्ताको हौसला पनि बढ्ने छ । यस दिशातर्फ अहिलेका सुझबुझ भएका कार्यवाहक अध्यक्ष पूर्णबहादूर खड्काजी जस्ता व्यक्तित्वबाट नयाँ पुस्तालाई प्रोत्साहन दिने कुरामा विमति हुनेजस्तो लाग्दैन । अब पुसभित्र महाधिवेशन हुनेछ भन्ने कुरामा आम नागरिक आशावादी नै छन् ।

राजनीतिक गन्तव्य आम चासोको विषय हो । अहिले धेरै पार्टीले जेनजीपछि आ-आफ्ना दललाई नयाँ रुप दिँदै महाधिवेशनबाट जेनजी पुस्तालाई प्रोत्साहन दिने वचन दिन थालेका छन् । त्यसैले देशभित्र बढ्दो महँगी, भ्रष्टाचार र अनियमितताप्रतिको विद्रोहले सही गन्तव्य पहिचान गरी देशलाई सही ट्र्याकमा ल्याउने आशा जनतामा पलाउन थालेको छ । जेनजी आन्दोलनपछि नेपालको राजनीतिक क्षितिजमा सकारात्मक किरण देखिँदै छ । दशकौंदेखि बढ्दै आएको भ्रष्टाचार, अनियमितता र कुशासन सञ्चालनको विरुद्धको आन्दोलन जेनजीलगायत आम नागरिकको नै हो । आधुनिक सार्वजनिक प्रशासन वा शासन पद्धतिको मूल आधार भनेकै पारदर्शिता, जवाफदेहिता र प्रमाणका आधारमा काम-कारबाही गरिने तौरतरिका हो ।

अहिले हाम्रो देश राजनीतिक रुपमा तरल र संवेदनशील अवस्थामा गुज्रिरहेको देखिन्छ । अन्तरिम सरकार चुनावी मोडमा उत्रिसकेको छ । तोकिएकै तिथिमितिमा चुनाव गर्नुपर्ने बाध्यता एकातर्फ छ भने अर्कातर्फ जेनजी पुस्ताका कलिला होनाहार केटाकेटीको निर्मम हत्या भएको छ र नेपालको मुटु सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायत कैयौं महत्वपूर्ण निकायहरु ध्वस्त पारिएका छन् । नेपालभरका जेलबाट भागेका झन्डै ५ हजार कैदी फिर्ता ल्याउन सकिएको छैन । तिनको खोजीकार्य हुनै बाँकी छ । यावत् समस्यालाई कसरी समयमै यो सरकारले समाधान गर्न सक्ला ?

*(साभार: न्यूज अफ नेपाल)*

## जलवायु परिवर्तनको मार:

# जंगलमा न्यूरो हरायो, बस्तीमा बाघ भित्रियो

अनिल पराजुली

हेटौंडा, १५ पुस/ बिहानको भिsमिसेसँगै दिन सुरु हुन्छ, ४२ वर्षीया ठुलमाया प्रजाको । घरमा पालेका भैंसी, बाखा र गोरुलाई पानी-कुडो खुवाउने, भिsक्रा टिप्ने र घाँसपात हाल्ने काममै बिहानको ६ बज्छ । त्यसपछि नाम्लो र हसिया बोकेर उनी बस्ती नजिकैको जङ्गलतर्फ लाग्छिन्-पत्कर सोर्न, घाँस काट्न र दाउरा जोहो गर्न ।

जङ्गलबाट फर्किएपछि चुल्हो-चौको सम्हाल्दै खानाको जोहो गर्छिन् । खाना खाएलगत्तै फेरि भैंसी, बाखा र गोरु लिएर गोठालो जान्छिन् । जीविकोपार्जनका लागि उनले २ वटा भैंसी, ४ वटा बाखा र २ वटा गोरु पालेकी छन् । साँझ ढल्किँदा गोठालो सकेर घर फर्किन्छिन् । बस्तुभाउ बाँधेर दानापानी दिएपछि पुन: चुल्हो-चौकोमै उनको समय बित्छ । बस्तुभाउ र जीविका चलाउनका लागि जङ्गलमै उनको अधिकांश समय व्यतीत हुने गरेको छ । १२ जनाको परिवार भएपनि हाल छोराबुहारी छुट्टिएर बसेकाले अहिले श्रीमान-श्रीमती मात्रै रहेको प्रजाले बताइन् ।

'परिवार ठूलो हुँदा श्रीमान् र म दुवैजना ज्याला मजदुरी गर्न जान्थ्यौं,' उनले भनिन्, 'जाली लगाउने, तरकारी रोप्ने, मल बोक्ने सिजनअनुसार जे काम पाइन्थ्यो, त्यही गर्नुपर्थ्यो ।' काम नपाए हातमुख जोर्न गाह्रो हुने चिन्ताले सताउने गरेको उनको भनाइ छ । ज्याला मजदुरीमा समेत महिलाले पुरुषसरह ज्याला नपाउने विभेद भोग्नुपरेको उनले गुनासो गरिन् । प्राकृतिक स्रोत र पशुपालनमै निर्भर प्रजा समुदायका लागि वन्यजन्तुको आतङ्क अर्को ठूलो समस्या बनेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (बफरजोन) मा पर्ने यस बस्तीका अधिकांशले यही पीडा भोग्दै आएका छन् । गोठालो जाँदा पटकपटक बाघ, चितुवालगायत वन्यजन्तुले बाखा खाएको स्मरण गर्दै प्रजाले भनिन्, 'एक वर्षअघि बस्तीमाथिको डाँडामा दुईवटा बोका, खोला पारी दमारमा तीनवटा बाखा मारिए । एक हप्ता अघि मात्रै सँगै गोठालो जाँदै गर्दा दुईवटा बाखा बाघले खायो ।' बाघको आक्रमण मात्र होइन, मनहरी क्षेत्रमा बेलाबेला मान्छे मार्ने घटना र यहाँ आउने गैंडाका कारण विद्यालय जान समेत डराउनुपर्ने अवस्था रहेको स्थानीय पशुपतिनाथ माविका पूर्व प्रधानाध्यापक भानुभक्त आचार्य बताउँछन् ।

मध्यवर्ती क्षेत्रको नयाँ बस्तीमा बसोबास गर्ने स्थानीयसँग जग्गाधनी पुर्जा छैन । पुर्जा नहुँदा वन्यजन्तुबाट भएको क्षतिमा क्षतिपूर्ति पाउन समस्या भइरहेको छ । 'बाघले मारेको बाखाको फोटो खिचेर लगेपनि हामी सुकुम्बासी हौं,' प्रजाले गुनासो गरिन्, 'नम्बरी नभएको जग्गाको पुर्जा कहाँबाट ल्याउने ?' उनले पशुपालनसँगै तरकारी र मकैखेती गर्दै आएकी छन् । स्थानीयस्तरमै पाइने लोकल जातका बीउ प्रयोग गरी खेती गर्ने गरेको बताउँदै ठुलमायाले श्रीमान्, श्रीमती मिलेर घरायसी तथा खेतीपातीका काम गर्दै आएको जानकारी दिइन् ।

'तरकारीमा प्रयोग हुने औषधि म आफैं हाल्छु, श्रीमानलाई त्यसको जानकारी छैन,' उनले भनिन् । औषधि हाल्दा माक्स लगाउने गरेकी प्रजाले माक्स नलगाउँदा टाउको दुख्ने र औषधि शरीरमा परे पोल्ने समस्या हुने गरेको अनुभव सुनाइन् । त्यस्तै २०७२ सालको भूकम्प र २०७४ मा आएको बाढीपहिरोले लामपाखामा रहेको जमिन चिराचिरा परेपछि फूलमाया प्रजा 'ख' को परिवार विस्थापित हुनपुग्यो । घर गोठसहितको जमिन बाढीले बगाए पछि उनीहरु मध्यवर्ती क्षेत्रअन्तर्गतको नयाँबस्तीमा वन फँडानी गरी बसोबास गर्न बाध्य भए ।



मनहरी गाउँपालिका वडा नं. ४ स्थित नयाँ बस्तीमा बसोबास गर्दै आइरहनुभएका महिलाहरु । तस्बिर : अनिल पराजुली

हाल एक कठ्ठा ऐलानी जग्गामा बस्दै आएको प्रजाको परिवारले खाली जमिनमा तरकारी खेती र पशुपालन गरेर जीविकोपार्जन गर्दै आएको छ । उनीहरुले दुईवटा भैंसी, दुईवटा गोरु र चारवटा बाखा पालेका छन् । अरुको भैंसी अधियामा पालेर एउटा भैंसी आफ्नै बनाएको र बाखा पनि अधियामै पालेको फूलमायाले बताइन् । 'बाढीपहिरोले सबै लग्यो, सुकुम्बासी बस्तीमा बस्न बाध्य भयौं,' विगत सम्झँदै उनले भनिन् । तरकारी खेतीबाट करिब सात हजार रुपैयाँ फाइदा भएको बताउँदै उनले 'जसोतसो परिवारको जीविका चलाइरहेका छौं,' भनिन् ।

तर, बेमौसममा आउने हुरीबतास र पानीका कारण बोडी र मकैखेतीमा क्षति पुगेको स्मरण गर्दै उनले तरकारी बालीमा भएको क्षतिबापत वडाबाट क्षतिपूर्ति पाउने विषयमा आफूहरु अनभिज्ञ रहेको र हालसम्म कुनै सहयोग नपाएको गुनासो गरिन् । 'अरुलाई सोध्दा नम्बरी जग्गाको पुर्जा चाहिन्छ भनेर वडाले माग्छ,' उनले प्रतिप्रश्न गरिन्, 'बाढीपीडित भएर यहाँ आएर बसेकासँग लालपुर्जा कहाँबाट ल्याउने ?' जंगलतर्फ बाखा र भैंसी चराउन लैजाँदा बाघले खाइदिने डर सधैं सताइरहने उनको भनाइ छ । 'वर्षेनी नयाँबस्तीमा पालेका करिब २० वटा बाखा बाघले मारेको छ,' उनले अनुभव सुनाइन् ।

खेतीपाती पनि गर्दै आएकी चेपाङ समुदायकी फूलमायाले अन्नबालीमा कीराको प्रकोप बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरिन् । 'पहिले गाईबस्तुको मलले मात्रै पुग्थ्यो, अहिले माटोको शक्ति हराउँदै गयो,' उनले भनिन्, 'बिषादि र रासायनिक मल नहाली उत्पादनै हुँदैन ।' पहिले हातले गोडेर झार हटाउने गरिएको भएपनि पछिल्लो समय झार मार्ने औषधिको प्रयोग बढ्दै जाँदा बिस्तारै उत्पादन घट्दै गएको उनको अनुभव छ । त्यस्तै खेतीपाती र ज्याला मजदुरी गर्दै २९ वर्षीया विस्मिता प्रजाले ६ जनाको परिवारको जीविकोपार्जन गर्दै आएकी छन् ।

सिजनका बेला उनी जङ्गलमा न्यूरो टिप्न जाने गर्छिन् । 'डढेलो लागेपछि राम्रो न्यूरो पलाउँछ,' उनले भनिन्, 'पहिले बस्ती नजिकैको जङ्गलमै न्यूरो पाइन्थ्यो, अहिले भने निकै कम हुँदै गएको छ ।' पहिले न्यूरो टिपेर बिक्री गर्दा १५ सय रुपैयाँसम्म दैनिक आम्दानी हुने गरेको स्मरण गर्दै उनले अहिले भने न्यूरो खोज्न निकै टाढासम्म जानुपर्ने अवस्था आएको बताइन् । 'बिहानै न्यूरो खोज्न जङ्गल पस्यो भने फर्किंदा बेलुका पर्छ,' उनले भनिन् । खेतीपाती पनि गर्दै आएकी विस्मिताले पछिल्लो समय बालीनालीको उत्पादन घट्दै गएको गुनासो गरिन् । 'पहिलेको तुलनामा अहिले बालीनालीमा कीरा धेरै लाग्ने गरेको छ,' उनले भनिन् ।

त्यस्तै, ५२ वर्षीया सविता प्रजाको भोगाइ पनि उस्तै छ । पशुपालन र मेलापात गर्दै आठ जनाको परिवार पाल्दै आएकी उनले जङ्गलमा चराउन लगेको बेला बाघले चारवटा बाखा मारेको अनुभव सुनाइन् । 'क्षतिपूर्ति पाइन्छ भन्ने थाहा नै थिएन,' उनले भनिन्, 'बाखा मारिए पनि कुनै क्षतिपूर्ति पाइनँ ।' ३८ वर्षीया सीता प्रजाको अवस्था पनि फरक छैन । पशुपालन र ज्यालादारी गरेर पाँच जनाको परिवार पाल्दै आएकी उनको पाँचवटा बाखा बाघले मारेको थियो । वन्यजन्तुको आक्रमणले जीविकोपार्जनमा गम्भीर असर परेको उनी बताउँछिन् ।

बस्तुभाउ चराउन तथा घाँसदाउरा जोहो गर्न जङ्गलमै जानुपर्ने बाध्यताका कारण जोखिम झेल्नुपरेको उनको भनाइ छ । 'घाँसको बिरुवा पनि पहिले जस्तो छैन,' उनले भनिन्, 'एकपटक काटेपछि फेरि पलाउन धेरै समय लाग्छ ।' न्यूरो पाइने सिजनमा जङ्गलमा खोजेर बिक्री गर्दै आएको उनको परिवार अहिले न्यूरो नै नपाइने अवस्थाले चिन्तित बनेको छ । 'पहिले जस्तो न्यूरो पलाउनै छाड्यो,' सीता प्रजाले भनिन्, 'बिहान चारबजे न्यूरो खोज्न निस्कँदा घर फर्किंदा रात पर्छ ।'

जेठ र असार महिनामा न्यूरो टिपेर बिक्री गरी तेल, मसलाको जोहो गर्ने प्रजा परिवार न्यूरोको अभावले आम्दानीको महत्वपूर्ण स्रोत गुमेपछि थप समस्यामा परेको छ । मनहरी गाउँपालिका-४ का वडाध्यक्ष प्रकाश थापाले वडाबाट विकास बजेट समानुपातिकरुपमा गाउँटोलको आवश्यकता अनुसार विनियोजन गर्दै आएको बताएका छन् । टोल विकास संस्थामार्फत् आएका योजनालाई छनोट गरी प्राथमिकताका आधारमा विकास निर्माण अघि बढाइएको उनको भनाइ छ । वडावासीलाई स्वनिर्भर बनाउने उद्देश्य पहिलो प्राथमिकतामा रहेकाले प्रचारमुखी कार्यक्रमभन्दा दीर्घकालीन र स्वरोजगारमुखी योजनामा जोड दिइएको वडाध्यक्ष थापाले स्पष्ट पारे ।

'हामीले वडाबाट स्वरोजगार सिर्जना र दीर्घकालीन प्रभाव पर्ने योजनामा बजेट विनियोजन गरेका छौं,' उनले भने, 'सामान्यत: तरकारीका बीउबिजन बाँड्ने जस्ता कामलाई प्राथमिकता दिएका छैनौं ।' उनका अनुसार जनतालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित वडाले बाटो र सिँचाइ जस्ता आधारभूत पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकतामा राखेको छ । गत आर्थिक वर्षमा नयाँबस्तीमा बाटो निर्माणका लागि बजेट उपलब्ध गराइएको स्मरण गर्दै उनले टोल विकास संस्थामार्फत् माग भएर आएका बाटो र सिँचाइका योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको बताए ।

वडाले जनताको आयस्तर सुधार गर्न पाडी वितरण, बाखा वितरण तथा बंगुरपालन गर्ने कृषकलाई सहयोग गर्दै आएको पनि वडाध्यक्ष थापाले जानकारी दिए । २ वर्षअघि पाडी बितरणमा अनियमितता भएको भन्दै ब्यापक रुपमा बिरोध भएपछि मनहरी गाउँपालिकाले पत्रकार महासंघको हलमा पत्रकार सम्मेलन गरेर स्पष्टिकरण दिएको थियो । पर्सा राष्ट्रिय निकुञ्जको छेउमै बस्ती रहेकाले वन्यजन्तुबाट बेलाबेला समस्या हुने गरेको स्वीकार गर्दै वडाअध्यक्ष थापाले जीउधनको सुरक्षा गर्नु सरकारको पहिलो दायित्व भएको बताए ।

पशु क्षतिको फोटोका आधारमा पर्सा राष्ट्रिय निकुञ्जसँग क्षतिपूर्तिका लागि सिफारिसपत्र पठाउने काम वडाले गर्दै आएको उनको भनाइ छ । आरक्ष क्षेत्रबाट आउने वन्यजन्तुले मानव र धनजनमा क्षति पुऱ्याउने समस्या पुरानै भएकाले स्थानीय सरकारको प्रयास मात्रै पर्याप्त नहुने उल्लेख गर्दै उनले भने, 'यसको समाधान सङ्घीय सरकारले नै गर्न सक्छ, स्थानीय सरकारले सीमित काम मात्रै गर्न सक्ने अवस्था छ ।'

### टोल विकास संस्थामार्फत योजना माग

स्थानीय सरकारसँग समन्वय गर्दै गाउँटोलको विकासका योजना तथा कार्यक्रम यहाँका महिलाले टोल विकास संस्थामार्फत नै माग गर्दै आएको स्थानीय बताउँछन् । वनकरिया, नयाँबस्ती टोल विकास संस्थामा नयाँबस्तीबाट निलमरानी खत्री प्रजा कार्यसमिति सदस्यकारुपमा आबद्ध छिन् ।

टोल विकास संस्थामार्फत् योजना प्रस्तुत गरेपछि स्थानीय सरकारले त्यसलाई सम्बोधन गर्ने अभ्यास रहेकाले महिला संस्थामा सक्रियरुपमा जोडिएको उनको भनाइ छ । 'प्रत्येक महिनाको एक गते चेपाङ प्राथमिक विद्यालयमा बैठक बस्छ,' निलमरानीले भनिन्, 'बैठकमा टोलको खानेपानी समस्या, सडक निर्माण, स्ल्याव ढलान, घटना दर्तालगायत विषयमा छलफल हुन्छ ।' टोल विकास संस्थामार्फत् माग गरेपछि गतवर्ष टोलमा ८ लाख रुपैयाँको बजेट स्ल्याव ढलानका लागि प्राप्त भएको उनले जानकारी दिइन् । टोलका समस्या र आवश्यकताबारे प्रतिनिधित्व गर्दै ती विषय बैठकमा उठाउने जिम्मेवारी आफूले लिँदै आएको उनले बताइन् ।

नयाँबस्तीमा टोल विकास संस्था प्रभावकारी बन्दै गएको उल्लेख गर्दै स्थानीय महिलाले टोलका समस्या र विकास योजना वडा कार्यालयसम्म पुऱ्याउन टोल विकास संस्थालाई मुख्य माध्यम बनाउँदै आएको बताएका छन् । यस्तै मकवानपुर महिला उत्थान समाजले समूह गठन गरी यहाँका न्यून आय भएका महिलालाई आर्थिक तथा जीविकोपार्जनका क्षेत्रमा सहयोग गर्दै आएको छ । स्थानीय सहजकर्ता विष्णु तितुङका अनुसार आर्थिक अवस्था कमजोर भएका महिलालाई समेटेर गठन गरिएको नयाँबस्ती अनुग्रह कृषक महिला समूहमार्फत् सहयोग प्रदान गरिँदै आएको हो ।

समूहले नियमितरुपमा मासिक ५० रुपैयाँ बचत गर्दै आएको तितुङले जानकारी दिइन् । संस्थाले फिर्ता गर्न नपर्ने अनुदान समेत प्रदान गरेको छ । स्थानीय सम्झना प्रजालाई कुखुरा पालनका लागि २१ हजार ७ सय रुपैयाँ, फूलमाया प्रजालाई तरकारी खेतीका लागि १० हजार रुपैयाँ तथा सीता प्रजालाई बाखापालनका लागि २० हजार रुपैयाँ अनुदान उपलब्ध गराइएको स्थानीय सहजकर्ता तितुङले बताइन् । घुम्ती कोषमार्फत् बाखापालनका लागि पाँचजनालाई जनही २० हजार रुपैयाँ सहयोग गरिएको छ ।

बाखापालनका लागि सविता प्रजा, रिता प्रजा, चमेलीमाया प्रजा, फूलमाया प्रजा 'क' र फूलमाया प्रजा 'ख' लाई जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग रकम उपलब्ध गराइएको हो । संस्थाले समूहमा आबद्ध महिलाको आर्थिक अवस्था सुधार गर्दै उनीहरुलाई आत्मनिर्भर बनाउने र जलवायू परिवर्तनले उनीहरुलाई पारेको प्रभाव न्यूनीकरणको लक्ष्यसहित निरन्तर जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्दै आइरहेको जनाएको छ । २०७२ सालको भूकम्पपछिका बाढी तथा पहिरोका कारण विस्थापित भएका परिवार हाल नयाँबस्तीमा बसोबास गर्दै आएका छन् ।

यस क्षेत्रमा करिब १ सय ५० घरधुरी रहेको स्थानीयले बताएका छन् । मनहरी गाउँपालिकाको चिसापानी, अजिङगरे, चुवारपाखा, लामपाखा र डोलबारीलगायत विभिन्न क्षेत्रबाट विस्थापित भएका परिवार नयाँबस्तीमा आएर बसोबास गर्दै आएका हुन् । भूकम्पपछिको प्राकृतिक विपत्तिले घरबार गुमाएका परिवार जीविकोपार्जन, पूर्वाधार र सुरक्षाका चुनौतीबीच नयाँबस्तीमा जीवनयापन गरिरहेका छन् ।

# रास्वपाको समानुपातिक सूचीमा प्रकाशदेखि रीमासम्म, एमालेबाट कोमल वली



काठमाडौं/यसअघिका हरेक आम निर्वाचनमा राजनीतिक दलहरूका लागि भीड जम्मा गर्ने र भोट बटुल्ने साधनका रूपमा मात्र प्रयोग हुँदै आइरहेका कलाकारहरूलाई यसपटक भने वैकल्पिक शक्ति भनिएका नयाँ दलहरूले राजनीतिमा अघि बढ्ने अवसर दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मात्र ६ जना कलाकारलाई समानुपातिक उम्मेदवारको बन्द सूचीमा राखेको छ ।

रास्वपाले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको सूचीमा गायक, अभिनेता तथा निर्देशक प्रकाश सपूतलाई ७४ औं नम्बरमा राखिएको छ । दलित क्लस्टरतर्फ उनी दोस्रो नम्बरमा छन् । क्लस्टरको पहिलो नम्बरमा रहेका डा. रूपक विश्वकर्मा घिमिरे (आयुष्मान) पनि कलाकार हुन् । पेशाले चिकित्सक भए पनि उनले 'चकलेट' नामक फिल्ममा अभिनय गरेका छन् ।

त्यस्तै, अभिनेत्री तथा उद्घोषिका रीमा विश्वकर्मा पनि रास्वपाको समानुपातिक सूचीमा अटाएकी छन् । उनी दलित महिला क्लस्टरतर्फ पहिलो नम्बरमा छिन् भने नागरिकताको हिज्जे अनुसार ८० औं स्थानमा छिन् । उनी कुलमान घिसिङ समूहकी हुन् । घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी रास्वपामा समाहित हुनुअघि उनी त्यस पार्टीको केन्द्रीय सदस्य थिइन् ।

अभिनेता तथा निर्माता आसिफ शाहलाई पनि रास्वपाले समानुपातिक उम्मेदवार बनाएको छ । उनी मुस्लिम क्लस्टरतर्फ पहिलो नम्बरमा छन् । यसअघि उनका दाइ तथा फिल्म निर्देशक असिम शाह पनि रास्वपाबाट समानुपातिक सांसद बनेका थिए । अबको निर्वाचनमा भने उनी प्रत्यक्षतर्फ चुनाव लड्ने तयारीमा रहेको बताइन्छ ।

रास्वपाबाट गायिका तथा 'काँडेतार' फिल्मकी निर्मात्री सत्यकला राई पनि समानुपातिक उम्मेदवारको सूचीमा परेकी छन् । उनी आदिवासी जनजाति क्लस्टरबाट उम्मेदवार बनेकी हुन् । सोही क्लस्टरमा अर्की गायिका डा. त्रिशाला गुरूङको पनि नाम समावेश गरेर आयोगमा बुझाइएको छ । त्रिशाला घिसिङ समूहबाट समानुपातिक सूचीमा परेकी हुन् ।

रास्वपासँगै एमालेले पनि एकजना कलाकारलाई समानुपातिक उम्मेदवार बनाएको छ । सोमबार राति एमालेले निर्वाचन आयोगमा बुझाएको सूचीमा महिला क्लस्टर तर्फ गायिका तथा अभिनेत्री कोमल वलीको नाम समेटिएको छ । समानुपातिक उम्मेदवारका लागि दाङबाट सिफारिस भएकी उनी यसअघि एमालेबाटै ४ वर्ष राष्ट्रिय सभा सदस्य बनेकी थिइन् ।

# बक्स अफिसमा भिड्दै विराज र रेखा



काठमाडौं/हरेक नयाँ वर्षमा फिल्म रिलिजको बाढी आउने गरेको छ । यो समयमा उल्लेख्य रूपमा दर्शकहरू हलमा आउने विश्वासमा नयाँ वर्षको मिति रोज्न निर्माताहरूबीच तछाडमछाड नै हुने गर्छ । आगामी नयाँ वर्षमा पनि बक्स अफिसमा ठूलो भिडन्त हुने भएको छ । नयाँ वर्ष २०८३ को छेको पारेर यस वर्षको अन्तिम शुक्रबार नेपाली फिल्मबीच त्रिपक्षीय भिडन्त हुन लागेको हो ।

विराज भट्टको मुख्य भूमिका रहेको फिल्म 'राम नाम सत्य' र विपिन कार्की अभिनीत फिल्म 'काजी'ले चैत २७ गतेलाई प्रदर्शन मिति तय गरिसकेको अवस्थामा अब उक्त मितिमा रेखा थापा स्टारर फिल्म 'छत्तिसको आँकडा' पनि थपिएको छ । मंगलबार फिल्मका वितरक रोहित कट्टेलले फेसबुक मार्फत चैत २७ गतेलाई प्रदर्शन मिति घोषणा गरेका हुन् ।

रोचक कुरा के छ भने विराज र रेखा एक दशकपछि बक्स अफिसमा आमनेसामने हुँदैछन् । डेढ दशकअघि 'किस्मत', 'देवर बाबु', 'शिलशिला', 'हिम्मत', 'रक्षक', 'दुर्गा' जस्ता थुप्रै सफल फिल्ममा सहकार्य गरेका उनीहरूबीच पछिल्लो समय तिक्ततापूर्ण सम्बन्ध छ । यसैले उनीहरूको भिडन्त हेर्न दर्शकलाई पनि रोचक हुने देखिन्छ ।

सविर श्रेष्ठको निर्देशनमा बनेको 'छत्तिसको आँकडा'मा रेखासहित निरुता सिंह, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का लगायतको पनि अभिनय रहेको छ । निरुताले यही फिल्मबाट ६ वर्षपछि अभिनयमा पुनरागमन गरेकी हुन् । दुश्मनजस्तै रहेका दिदी-बहिनीको सम्बन्धको कथामा आधारित यस फिल्ममा बाबुराम निरौला र शिवम् अधिकारीको लेखन रहेको छ ।

# 'प्रवासी जीवन'को टिजर रिलिज, मनोचिकित्सक बने हमाल




काठमाडौं/आगामी फागुन १५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'प्रवासी जीवन'को टिजर सार्वजनिक गरिएको छ । एक मिनेट लामो टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ । विदेशमा बस्ने नेपालीहरूमा बढ्दो मानसिक समस्या र त्यसले वैयक्तिक जीवनमा पार्ने प्रभावलाई समेटिएको टिजरमा अभिनेता राजेश हमाल मनोचिकित्सकको भूमिकामा देखिएका छन् ।

निर्देशक श्याम क्षेत्रीले फिल्मको कथामा जो कोहीले आफू वा आफ्नो वरपरको दृश्य पाउने बताएका छन् । उनी भन्छन्, 'हामीले भौतिक रुपमा देखिने दु:खका धेरै चर्चा गर्छौं तर, मानसिक रुपमा भोहिरहेको यातनालाई बेवास्ता गर्छौं । फिल्मले प्रवासी जीवनको एउटा नदेखिएको सरलझैं लाग्ने गम्भीर समस्यालाई चित्रण गरेको छ ।' क्षेत्रीसँगै राम अधिकारीको पनि निर्देशन रहेको यस फिल्ममा हमालसहित सरिता लामिछाने, बुद्धि तामाङ, महादेव त्रिपाठी, एञ्जेला बस्नेत, गगन सुबेदि, लोकेश भित्रीकोटी, दिव्या न्यौपाने, अबिगेल लुहार, प्रासु गिरि लगायतको अभिनय देख्न सकिनेछ । यसमा निर्देशक क्षेत्री पनि महत्वपूर्ण भूमिकामा देखिँदैछन् । फिल्मको सम्पूर्ण छायांकन अमेरिकामा भएको हो ।

अमृत बिसुवाको छायांकन, राम अधिकारीको सम्पादन तथा नवीन कार्कीको संगीत रहेको फिल्ममा निर्देशक क्षेत्री स्वयंको लेखन छ । श्याम क्षेत्री प्रोडक्सन र नेशनल मिडिया प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा रविन आचार्य निर्माताको रुपमा छन् । उनले यसअघि 'डाइङ क्यान्डल', 'जय श्री दाम' जस्ता फिल्म निर्माण गरिसकेका छन् ।

# चुनावै नलड्ने दल आयोगमा दर्ता गर्न किन मरिहत्ते ?

काठमाडौं/निर्वाचन आयोगमा दर्ता भएका दलको संख्या १३७ पुगेको छ । त्यसमध्ये आधाभन्दा धेरै अर्थात् ७३ पार्टीले भने आगामी चुनावमा भाग लिँदै छैनन् । आखिर चुनावमा भागै नलिने भए यत्रो झन्झटिलो प्रक्रिया पुरा गरेर पार्टी दर्ता किन गर्छन् ? यसका पछाडि एउटै कारण छैन ।

पूर्वकार्यवाहक प्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङका अनुसार एउटा कारण हो, सम्मान र पहुँच । उनी भन्छन्, 'दल दर्ता गरेर त्यसको नेतृत्व वा पदाधिकारीमा रहेपछि समाजमा मान मर्यादा पाउँछन् । सम्पर्क सम्बन्ध बढाउन पनि सजिलो हुने भयो ।' समर्थकै नभए पनि दल नै खोलेर बसेकासँग अन्य दलले सहयोग माग्ने सम्भावना हुन्छ । 'दल बनाएर बसेपछि साँठगाँठ गर्न खोज्नेलाई पनि सजिलो भयो,' गुरुङ भन्छन् ।

चुनावै जित्न नसके पनि आफ्नो मुद्दामा छलफल गर्न पनि दल खोल्ने गरेको उनी बताउँछन् । गुरुङ भन्छन् 'विचार मिल्नेहरूले पार्टी खोलेर आफ्ना नीति तथा कार्यक्रमबारे चर्चा गरिराख्दा रहेछन् ।' साढे दुई दशक पहिले ल्याण्डलाइन फोन पाउनका लागि दल दर्ता गरेका उदाहरण पनि भेटिन्छन् । भनसुन नगरी ल्याण्डलाइन फोन नपाउने जमानामा पार्टी खोलेपछि कार्यालय प्रयोजनका लागि ल्याण्डलाइन फोन पाईन्थ्यो । त्यसका लागि पनि दल दर्ता हुन्थे । अधिकांश दलले पराजय हुने निश्चित भएपछि चुनावमा भागै लिंदैनन् । कतिपय दलले उम्मेदवारै पाउँदैनन् ।

२०७३ मंसिर ३० मा दर्ता भएको नेपाली प्रिन्स पार्टीका महासचिवमा कमल भण्डारी तयारी नपुगेर यसपटक चुनाव लड्न नसकेको बताउँछन् । उनी भन्छन्, '२०८४ मा चुनाव लड्ने तयारीमै थियौं । तर, अगाडि भइदियो ।'

(अनलाइनखबर)

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### रास्वपाबाट बागमती प्रदेशका ६ जिल्ला समेटिँदा मकवानपुर समेटिएन

# कांग्रेसको बन्दसूचीमा बागमतीबाट २० जना

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/नेपाली कांग्रेसले समानुपातिक निर्वाचन प्रणालीतर्फ सार्वजनिक गरेको बन्द सूचीमा समेटिएका ११० उम्मेदवार मध्ये बागमती प्रदेशबाट २० जनाको नाम परेको छ ।

सूचीअनुसार बागमती प्रदेशभित्र सबैभन्दा बढी काठमाडौंबाट ६ जनाको नाम समावेश गरिएको छ । पार्टीले सार्वजनिक गरेको विवरणअनुसार काठमाडौंबाट नियती सिंह, भीमसेनदास प्रधान, नारायण श्रेष्ठ, कमला राजभण्डारी, श्रीविनोद भट्टराई र हरिशरण नेपाली गरी ६ जनाको नाम बन्दसूचीमा परेको छ । दोलखाबाट छिरिङ डोल्मा शेर्पा, रामेछापबाट ग्याल्जे शेर्पा, रसुवाबाट पेम्बा छिरिङ तामाङ बन्दसूचीमा परेका छन् ।



नुवाकोटबाट महेन्द्र थिङ, जगतबहादुर तामाङ र अर्जुननरसिंह केसीको नाम सूचिमा समावेश छ भने मकवानपुरबाट पवित्रा सुनार र शर्मिला श्रेष्ठ बन्दसूचीमा परेका छन् । धादिङबाट शान्ताकुमारी तामाङ र सेतेमान तामाङको नाम समेटिदा भक्तपुरबाट विनोदप्रकाश कायस्थ, गणेशमान चक्रधर र डा.गंगालक्ष्मी अवाले तथा सिन्धुलीबाट नरेन्द्रजङ्ग थापाको नाम बन्दसूचीमा परेको छ । चितवन, ललितपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाबाट भने समानुपातिक बन्दसूचीमा एकजनाको पनि नाम परेको छैन ।

कांग्रेसले समानुपातिक बन्दसूची समावेशी सिद्धान्तअनुसार विभिन्न समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी तयार गरिएको जनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बागमती प्रदेशका ६ जिल्लाबाट उम्मेदवार समेटेर समानुपातिक बन्दसूची बुझाएको छ । निर्वाचन आयोगमा समानुपातिक सूची बुझाउने क्रममा रास्वपाले बागमती प्रदेशका १३ जिल्लामध्ये ६ जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, सिन्धुपाल्चोक र नुवाकोटबाट मात्र उम्मेदवार समेटेको छ ।

काभ्रे, धादिङ, मकवानपुर, रामेछाप, दोलखा, रसुवा र सिन्धुलीबाट कुनै उम्मेदवार छैनन् । सभापति रवि लामिछानेको निर्वाचन क्षेत्रसमेत रहेको चितवनबाट सबैभन्दा धेरै उम्मेदवार समेटिएका छन् भने त्यसपछि काठमाडौंका उम्मेदवार छन् । समानुपातिक सूचीमा चितवनबाट मात्रै १९ जना उम्मेदवार समेटिएका छन् । तीमध्ये आदिवासी जनजाति र खसआर्य समूहको बाहुल्यता देखिन्छ । चितवनपछि काठमाडौंबाट ५ जना, ललितपुरबाट ४ जना र भक्तपुरबाट ३ जना उम्मेदवार सूचीमा परेका छन् । सिन्धुपाल्चोकबाट २ जना र नुवाकोटबाट १ जना उम्मेदवार समेटिएका छन् ।

काठमाडौंकी जुली यादव मधेशी कोटाबाट र भक्तपुरका साजन विक दलित कोटाबाट समानुपातिक उम्मेदवारकारुपमा समेटिएका छन् । चितवनबाट डा. मनोहर प्रधान, विश्व राई, धर्मलाल तामाङ, टासी लाक्पाशेर्पा, सुदेश गुरुङ, सचिन ढकाल, सुदिप ढकाल, अनुपकुमार उपाध्याय, गोविन्द नारायण, दुर्गाबहादुर घिमिरे, जनक न्यौपाने, पवन शाही, टीकाराम दाहाल, विदुषी राणा, श्रद्धा कुँवर, मञ्जु भुषाल, रचना खतिवडा क्षेत्री, सिर्जना वली, सीतादेवी पाण्डे, सरला लामिछाने र प्रभा ढकाल समानुपातिक उम्मेदवारको सूचीमा परेका छन् ।

काठमाडौंबाट कुसुम महर्जन, टेकबहादुर पोखरेल (प्रभुराम), लिमा अधिकारी (आचार्य), समीक्षा बास्कोटा र जुली यादव उम्मेदवार छन् । ललितपुरबाट खुश्बु सरकार श्रेष्ठ, सुम्निमा उदास, अरनिकोकुमार पाण्डे र डा. निना रेग्मी पोखरेल सूचीमा छन् । भक्तपुरबाट प्रमिला कुलुजु, माया डोल्मालामा र साजन विक, सिन्धुपाल्चोकबाट सुनिता नेम्हाफुकी र प्रमोद न्यौपाने तथा नुवाकोटबाट प्रभा कार्की समानुपातिक उम्मेदवारका रुपमा बन्द सूचीमा समेटिएका छन् ।

# बटुकसँग सहभोज गरी बंशगोपालले मनायो स्थापना दिवस




साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/हेटौंडा-१८ हर्नामाडीस्थित बंशगोपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १८ औं स्थापना दिवस सहभोज कार्यक्रम गरी मनाएको छ ।

संस्थाले हर्नामाडीमै रहेको वैदिक वानप्रस्थ आश्रममा आश्रित १५ जना बटुकलाई भोजन खुवाएर स्थापना दिवस मनाएको हो । संस्थाका अध्यक्ष अरुणकुमार खतिवडाले बिगतका वर्षमा स्थापना दिवसलाई रक्तदानदेखि विभिन्न सामाजिक कार्य गर्दै आइरहेकोमा यसपटक आश्रममा भोजनसहितको कार्यक्रम गर्न पाएकोमा छुट्टै किसिमको आनन्दको अनुभव भएको सुनाए । संस्थाले बचत तथा ऋणको कारोबारलाई मात्र ध्यान नदिई यस्तै सामाजिक कार्यलाई सँगसँगै अगाडि लगिरहेको र आगामी दिनमा यसलाई व्यापक बनाएर लैजाने उल्लेख गरे ।

कार्यक्रममा गुरुकुलका शिक्षक कृष्णप्रसाद गर्तौलाले भोजन कार्यक्रमबाट एकछाक भएपनि बटुकले मिठो खाना पाएकोमा धन्यबाद व्यक्त गरे । शिक्षक गर्तौलाका अनुसार आश्रममा झापा, उदयपुर, सर्लाही, बारा, नुवाकोट र मकवानपुरका १५ जना बटुक आवासीयरुपमा अध्ययन गर्दछन् । आवासीय अध्ययन अध्यापन हुने भएकाले आश्रममा खानाखाजाको समस्या रहेको उनको भनाई छ । संघसंस्थाकै सहयोगबाट बटुकले खाना खान पाइरहेको र सहयोग नभएको खण्डमा खानाको निकै समस्या हुने गरेको उनले बताए ।

उनले संघसंस्थालाई आश्रमको लागि सहयोग गरिदिन पनि आग्रह गरे । कार्यक्रममा ज्योति माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष हर्क रम्तेल, सहकारीका उपाध्यक्ष माधवनारायण तुलाधार, सचिव बरुण खतिवडा, कोषाध्यक्ष इमानबहादुर थापा, लेखासमिति संयोजक कपिलप्रसाद पराजुली, समिति सदस्यहरु, महिला उपसमिति सदस्यहरु, ऋण उपसमिति सदस्यहरु, गुरुकुलका सल्लाहकार केशब पण्डितलगायत गुरुकुल सञ्चालन समिति सदस्यको उपस्थिति रहेको थियो ।

# क्षयरोग निवारण संस्थाको सभापतिमा प्रधान

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/नेपाल क्षयरोग निवारण संस्था मकवानपुरको प्रथम साधारणसभा एवम् अधिवेशन सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिका-१ का वडाअध्यक्ष एवम् नगरप्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनबाट सजनलाल प्रधान सभापतिमा सर्वसम्मत चयन भएका छन् । त्यसैगरी उपसभापतिमा विश्व नारायण श्रेष्ठ, सचिवमा गंगाप्रसाद पौडेल, कोषाध्यक्षमा सर्मिला श्रेष्ठ र सहायक सचिवमा विकास बज्राचार्य चयन भएका छन् । सदस्यमा लक्ष्मी श्रेष्ठ, सरोज चौलागाई, डा.सागरप्रसाद मैनाली, निगेन्द्रलाल श्रेष्ठ, बिनोद पण्डित, विन्तिकुमारी श्रेष्ठ र प्रमिला कुमारी खतिवडा चयन भएका छन् ।

संस्थाले निकट भविष्यमा जग्गा व्यवस्था गरेर बागमती प्रदेशको राजधानी हेटौंडामा क्षयरोग परीक्षण केन्द्र सञ्चालन गरेर क्षयरोग नर्मूल गर्ने सरकारको अभियानमा सघाउने सभापति प्रधानले बताए । यसअघि समितिको २०८२ जेठ महिनामा तदर्थ समिति गठन गरिएको थियो ।

# मकवानपुरमा पुरुषलक्षित भ्यासेक्टोमी शिविर




साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/पुरुषका लागि परिवार नियोजनको स्थायी बन्ध्याकरण (भ्यासेक्टोमी) सेवा प्रदान गर्ने उद्देश्यले मकवानपुरमा आयोजना गरिएको एकदिने भ्यासेक्टोमी शिविर मंगलबार हेटौंडामा भएको छ ।

नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाको प्राविधिक सहयोग तथा जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा संघ शाखा कार्यालयमा शिविर सञ्चालन गरिएको हो । शिविरमार्फत् २० जना पुरुष सेवाग्राहीले सुरक्षित तथा निःशुल्करुपमा भ्यासेक्टोमी सेवा प्राप्त गरेका छन् । नेपाल परिवार नियोजन संघ मकवानपुरका अनुसार परिवार नियोजनमा पुरुष सहभागिता बढाउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो ।

संघले भ्यासेक्टोमी सुरक्षित, सरल र प्रभावकारी स्थायी परिवार नियोजन विधि भएको भन्दै इच्छुक दम्पतीलाई सही जानकारीका आधारमा सेवा लिन आग्रह गरेका छ ।

यस्ता शिविरले आकश्मिक गर्भधारण न्यूनीकरण गर्नुका साथै मातृ तथा शिशुस्वास्थ्य सुधारमा टेवा पुग्ने परिवार नियोजन संघ मकवानपुरले जनाएको छ ।

# जन्मदिनमा मामाघरलाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता


हेटौंडा, १५ पुस/हेटौंडा-५ निवासी पवित्रा तिवारीले आफ्ना छोरा सिसन तिवारीको जन्मदिनको अवसरमा सडक बालबालिकाको व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई खाद्यान्न सामग्री सहयोग गरेकी छिन् ।




पुस १४ गते छोराको जन्मदिनको अवसरमा मामाघर नेपालको संरक्षणमा रहेका बालबालिकाको सेवा अझ सरल, सहज र प्रभावकारी बनाउने उद्देश्यका साथ सामग्री सहयोग गरिएको तिवारीले बताइन् । मामाघर नेपाल मकवानपुरले मानवीय सहयोगप्रति आमा पवित्रा तिवारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै सहयोगी भावना समाजका लागि प्रेरणादायी रहेको उल्लेख गरेको छ ।

यसै अवसरमा मामाघर नेपाल मकवानपुर परिवारले सिसन तिवारीको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गरेको छ ।

# राष्ट्रिय पर्या कविता प्रतियोगिताका लागि उत्कृष्ट दश कविता छानिए



विषय : उत्कृष्ट १० कविता र कविको नामावली प्रकाशन गरिएको सम्बन्धमा

उल्लिखित सम्बन्धमा साहित्य सङ्गम मकवानपुरको आयोजनामा हुने राष्ट्रिय पर्या कविता प्रतियोगिता २०८२ सम्बन्धमा पूर्वप्रकाशित सूचनाबमोजिम प्राप्त १६४ कविताहरूमध्ये उत्कृष्ट १० मा पर्न सफल कविता र कविहरूको नामाबली अकारादि वर्णानुक्रमानुसार प्रकाशन गरिएको छ।

| क्र.सं. | कविको नाम | कविताको शीर्षक | ठेगाना |
|---|---|---|---|
| १ | किरन सिवा | मौन प्रकृति | सुनसरी |
| २ | किशन पौडेल | दोहन | मकवानपुर |
| ३ | नरोत्तम श्रेष्ठ | बिउको रक्तिम घोषणापत्र | तनहुँ |
| ४ | निरूपम श्रेष्ठ | हरियो विद्रोह | सिन्धुली |
| ५ | मदन घिमिरे | एक आरोहीको डायरी | कास्की |
| ६ | मोहित जोशी | समयको अन्त्यको किनारमा उभिएर | कैलाली |
| ७ | यशोदा अधिकारी | धर्तीको विघटन | काठमाडौं |
| ८ | राजु झल्लुप्रसाद | तर | धादिङ |
| ९ | सुवास सजल | मौनधारण | मकवानपुर |
| १० | सुरेशचन्द्र घिमिरे | प्रकृति र जीवन | लमजुङ |

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/साहित्य संगम मकवानपुरको आयोजनामा हुने राष्ट्रिय पर्या कविता प्रतियोगिताका लागि उत्कृष्ट १० कविता र कविको नामावली प्रकाशन भएको छ ।

मंगलबार संगमले प्रतियोगिताका लागि प्राप्त कविता मध्ये अन्तिमचरणको प्रतियोगिताका लागि छनोट १० वटा कविता र कविको नामावली प्रकाशन गरेको हो । प्रतियोगिताका लागि कुल १ सय ६४ वटा कविता प्राप्त भएको थियो । जसमध्ये छनोट भएका उत्कृष्ट १० वटा कविताले अन्तिमचरणको प्रतियोगितामा भाग लिनेछन् । छनोट भएका कविताका लेखक सुनसरीका किरन सिवा, मकवानपुरका किशन पौडेल र सुवास सजल रहेका छन् ।

यसैगरी तनहुँका नरोत्तम श्रेष्ठ, सिन्धुलीका निरुपम श्रेष्ठ, कास्कीका मदन घिमिरे, कैलालीका मोहित जोशी, काठमाडौंका यशोदा अधिकारी, धादिङका राजु झल्लुप्रसाद र लमजुङका सुरेशचन्द्र घिमिरेको कविता छनोट भएको हो । उत्कृष्ट १० मा पर्न सफल भएका कविबीच पुस २६ गते अन्तिमचरणको प्रतियोगिता हुनेछ । प्रतियोगिता हेटौंडा-४ स्थित हेटौंडा पार्टी प्यालेसमा हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँ पुरस्कार पाउने छन् भने चौथो र पाँचौं हुनेले प्रोत्साहनस्वरुप समान ५/५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मकवानपुरमा लगाइएको ३० बिगाहा क्षेत्रको गाँजा र अफिम नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/मकवानपुरमा अवैधरुपमा गरिएको लागूऔषध गाँजा र अफिमखेती प्रहरीद्वारा फँडानी गरी नष्ट गरिएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर, बागमती प्रदेश प्रहरीगण हेटौंडा, विपद् व्यवस्थापन गुल्म हेटौंडा तथा मातहत प्रहरी कार्यालयको संयुक्त टोलीले पुस ११ गतेदेखि १४ गतेसम्म जिल्लाको उत्तरी भेगमा अभियान सञ्चालन गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

अभियानका क्रममा राक्सीराङ गाउँपालिका-१, ६, ७ र ८ तथा कैलाश गाउँपालिका-१, २, ३, ५, ६ र ९ का विभिन्न स्थानमा अवैधरुपमा लगाइएको लागूऔषध गाँजा करिब २१ बिगाहा र अफिम करिब ९ बिगाहा क्षेत्रफलमा फँडानी गरी नष्ट गरिएको जिल्ला प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार लागूऔषध नियन्त्रण तथा समाजलाई नशामुक्त बनाउने उद्देश्यले यस्ता अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुषः १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

**निर्वाचनमा सहभागी बनौं ।**

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो ।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने ।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने ।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने ।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने ।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने ।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं,
- मताधिकारको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.को**
**२६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं वर्षिक साधारण सभा यहि २०८२ साल पौष २६ गते गर्ने यस संस्थाको संचालक समितिको २०८२ मंसिर ७ गतेको बैठक नं. २६३ वाट निर्णय भएको तपसिल वमोजिमको मिति समय र स्थानमा सभा हुने हुँदा यस संस्थाका सम्पुर्ण शेयर सदस्यहरू अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछौं साथै संस्थाको वार्षिक साधारण सभा सम्बन्धी सूचना पत्रिकामा प्रकाशित गरी सकेको हुँदा यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिको लागी अनुरोध छ ।

**तपशिल**

मिति/समय र स्थानः- मिती २०८२ पौष २६ गते शनिवार
२०८२ पौष २६ गते विहान १० बजे देखि १२:३० बजे सम्म उपस्थित हुने (१०:०० बजे देखि १२:३०) बजे सम्म खानाको व्यवस्था गरिएको छ ।
२०८२ पौष २६ गते शनिवार ११:०० बजे वार्षिक साधारण सभाको प्रस्तावहरुमा छलफल गरि पारित गर्ने
स्थानः- हेटौडा १०, भुटनदेवी मदिंर सभा हल
(नोटः साधारण सभामा उपस्थित हुन आउँदा वितरण गरिएको परिचय कार्ड साथमा लिई आउनु होला अन्यथा उपस्थित जनाउने छैन ।)

महेन्द्र चित्रकार
सचिव
**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, स्कुल रोड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना